**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १६ जून २०२४

समयः १८:५० – १६:०० बजे

**प्रमुख समाचार**

१. गृहमंत्री अमित शाहले जम्मू-कश्मीरको सुरक्षा व्यवस्था अनि अमरनाथ यात्राको तैयारीहरुको समीक्षाको लागि नयाँ दिल्लीमा उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो।

२. केंद्रीय अप्रत्यक्ष कर अनि सीमा शुल्क बोर्ड – सीबीआईसीले देशमा बढ्दो वित्तीय ठगीको घटनाहरुसित जुझ्नका लागि मल्टी-महडल जागरूकता अभियान शुरू गरेको छ।

३. केंद्रीय विधि अनि न्याय मंत्री अर्जुन राम मेघवालले तीन वटा नयाँ अपराधिक कानून मानिसहरुलाई त्वरित न्याय दिनका लागि बनाइएको छ भनी बताउनुभएको छ।

४. उत्तर बंगालमा भइरहेको अविरल वर्षाको कारण धेरै क्षेत्रमा बाढ़ीको अवस्था सिर्जना भएको छ।

५. बाढ प्रभावित सिक्किममा राहत, बचाव अनि मरम्मती कार्य जोड़-तोड़सित चलिरहेको छ।

**अमित शाह- अमरनाथ यात्रा**

गृहमंत्री अमित शाहले जम्मू-कश्मीरको सुरक्षा व्यवस्था अनि अमरनाथ यात्राको तैयारीहरुको समीक्षाको लागि नयाँ दिल्लीमा उच्च स्तरीय बैठकको अध्यक्षता गर्नुभयो। बैठकको अवधि श्री शाहले हालै केन्द्र शासित प्रदेशमा भएको आंतकी हमलाहरुलाई लिएर सुरक्षा व्यवस्थाको समीक्षा गर्नुभयो। उहाँले संबंधित विभागहरुलाई, जुन प्रकारले कश्मीर घाटीमा आंतकी गतिविधीहरुमाथि सख्तीसित कार्यवाहीको योजनाद्वारा सफलता प्राप्त गरियो, त्यही योजना जम्मू क्षेत्रमा पनि लागू गरिने निर्देश दिनुभएको छ। श्री शाहले भन्नुभयो नरेन्द्र मोदी सरकार नयाँ तरीकाहरुद्वारा आंतकवादीहरु विरुद्ध सख्तीसित कार्यवाही गर्नको लागि प्रतिबद्ध रहेको छ। यस बैठकमा राष्ट्रीय सुरक्षा सलाहकार अजीत डोभाल, जम्मू कश्मीरको उपराज्यपाल मनोज सिन्हा, केन्द्रीय गृह सचिव अजय भल्ला, सेना प्रमुख लगायत सेना अनि प्रशासनका वरिष्ठ अधिकारीहरुले भाग लिएका थिए। वार्षिक अमरनाथ यात्रा यस महीने को २८ तारीख देखि शुरू भएर १६ अगस्तसम्म चल्नेछ।

****** ० ******

**सीबीआईसी- धोखाधड़ी अभियान**

केंद्रीय अप्रत्यक्ष कर अनि सीमा शुल्क बोर्ड- सीबीआईसीले देशमा बढ्दो वित्तीय ठस्रीको घटनाहरुसित जुझ्नका लागि मल्टी-मण्डल जागरूकता अभियान शुरू गरेको छ। अभियान अन्तर्गत आम जनतालाई समाचार पत्रहरु, मोबाइल संदेश, ईमेल अनि सोशल मीडिया सहित अन्य माध्यमहरुद्वारा वित्तीय धोखाधड़ीको जाल देखि बचाउनका लागि जागरूक गरिन्दैछ। सीबीआईसी अनुसार यस्ता धेरै घटनाहरु अघि आएको छ जहाँ ठग मानिसले आफैलाई भारतीय सीमा शुल्क अधिकारी बताउँदै देश भरीमा जनतावाट पैसे ठगी रहेका छन्। यी ठगहरुले मुख्य रूपले फोन कल अथवा एसएमएस जस्ता डिजिटल माध्यमहरुको उपयोस्र स्त्ररिरहेका छन् अनि मानिसहरुलाई, यदि उनीहरुले पैसा नदिए उनीहरुलाई सजाइ हुन सक्ने छ तथा जुर्माना लाग्न सक्नेछ भनी डर देखाइरहेका छन्। सीबीआईसीले जनतासित ठगहरुको कार्यप्रणालीलाई बुझ्ने, आफ्नो जानकारी मानिसहरुसित साझा नगर्ने, फोन कल गर्ने मानिसहरुको आचरणलाई सत्यापित गर्ने अनि सतर्क बसेर यस्ता कृत्यहरुको शिकायत गर्ने आग्रह गरेको छ।

****** ० ******

**सरकार तीन नयाँ कानून**

सरकारले आपराधिक न्यायिक प्रणाली प्रशासनमा भारतको प्रगतिशील पथ शीर्षकमाथि आज कलकतामा सम्मेलनको आयोजन गरयो। केन्द्रीय विधि अनि न्याय मन्त्री अर्जुन राम मेघावलले सम्मेलनको उद्घाटन गर्नुभयो। उहाँले भन्नुभयो, तीन नयाँ अपराधिक कानून मानिसहरूलाई त्वरित न्याय दिलाउनको निम्ति बनाइएको छ। उहाले भन्नुभयो, देशको स्थिति अनि समय अनुसार कानूनहरूमा परिवर्तनको आवश्यकता रहदछ। श्री अर्जुन मेघावलले भन्नुभयो, देशको कैयौं वर्गहरूबाट ब्रिटिशकालीन कानूनहरूमा परिवर्तनको माग गरिन्दैथ्यो अनि मागलाई स्वीकार गर्दै यस कानूनहरूमा परिवर्तन गरिएको छ। तीन नयाँ कानून- भारतीय न्याय संहिता २०२३, भारतीय नागरिक सुरक्षा संहिता २०२३ अनि भारतीय साक्ष्य अधिनियम

२०२३ आगामी महिना अर्थात जुलाई १ तारिखदेखि लागू हुनेछ। यसबाट मानिसहरूलाई समयमा शीघ्र अनि त्रुटिमुक्त न्याय प्राप्त हुनेछ। स्मरण रहोस छ, गत वर्षको दिसम्बर महिनामा राष्टपतिले यी कानूनहरूलाई मन्जूरी दिनुभएको थियो। विधि अनि न्याय मन्त्रालयले बताएको छ कि विगत दुइ महिनामा कानूनी मामिला विभागले यस नयाँ कानूनहरूको बारेमा विशेष रूपले हितधारकहरू, कानून विशेषज्ञहरू, कानून प्रवर्तन एजेन्सीहरू, शिक्षाविद्हरू, नागरिकहरू अनि विद्यार्थीहरू बीच जागरूक गराउनको निम्ति नयाँ दिल्ली अनि गुवाहाटीमा दुईवटा विराट सम्मेलन आयोजित गरिएको थियो।

****** ० ******

**उपराष्ट्रपति-प्रेरणा स्थल**

उपराष्ट्रपति अनि राज्यसभाको सभापति जगदीप धनखड़ले आज संसद भवन परिसरमा नवनर्मिित प्रेरणास्थलको उद्घाटन गर्नुहुनेछ। यस अवसरमा लोकसभा अध्यक्ष ओम बिरला, राज्यसभाको उपसभापति हरिवंश नारायण सिंह अनि संसदीय कार्य मंत्री किरेण रिजिजू पनि उपस्थित रहनेछन्। कार्यक्रमको लागि लोकसभा अनि राज्यसभाको सबै सदस्यहरुलाई पनि आमंत्रित गरिएको छ। प्रेरणा स्थलको निर्माण संसद भवन परिसरमा महान नेताहरु अनि स्वतंत्रता सेनानीहरुका प्रतिमाहरुमा एकै स्थानमा श्रद्धाजंलि अर्पित गर्नका लागि गरिएको हो। यस अवसरमा लोकसभा अध्यक्ष ओम बिरलाले भन्नुभयो कि संसदले देशको सबै महान मानिसहरु, क्रांतिकारीहरु, अध्यात्मवादीहरु अनि सांस्कृतिक नेताहरुका प्रतिमाहरुलाई प्रेरणा स्थलमा एकै स्थानमा राखिने निर्णय लिएको छ।

****** ० ******

**पश्चिम बर्दवान-पानीको संकट**

पश्चिम बर्दवानको कुल्टी विधानसभा क्षेत्रमा व्याप्त पिउने पानीको संकटलाई लिएर आज भारतीय जनता पार्टी (भाजपा) विधायकको नेतृत्वमा स्थानीय मानिसहरूले सड़क जाम गरे। वास्तवमा यस बर्ष भएको लोकसभा चुनाउमा पश्चिम बर्दवानको कुल्टी विधानसभा क्षेत्रमा तृणमूललाई ठूलो हारको सामना गर्नुपरेको थियो जसको फलस्वरूप सत्तासिन पार्टीका मानिसहरूले क्षेत्रमा पानी आपूर्तिलाई बाधित गरिरहेको आरोप छ। आज बिहान स्थानीय भाजपा विधायक अजय पोद्दारले यस घटनालाई श्शमानव निर्मित बताउनुभयो अनि स्थानीय बासिन्दाहरूसित मिलेर कुल्टीको बराकर बस स्ट्याण्ड संलग्न क्षेत्रमा जीटी रोडलाई जाम गरे। लामो समयसम्म सड़क जाम रहेकोले आसनसोल बराकर रोड बन्द भयो। सूचना पाउनसाथ कुल्टी थानाको पुलिस घटनास्थलमा पुग्यो।

****** ० ******

**अलिपुरद्वार-फालाकाटा**

उत्तर बंगालमा लगातारको वर्षाका कारण धेरै क्षेत्रमा बाढीको अवस्था सिर्जना भएको छ। अलिपुरद्वार जिल्लाको फालाकाटा ब्लकको चार तोर्सा डाइभर्सन माथिबाट पानी बगिरहेको छ। जसका कारण अलिपुरद्वारदेखि फलकाटासम्मको सम्पर्क बन्द भएको छ। जसले गर्दा धेरै वाहनहरू फसेका थिए। धेरै मानिस पानी कम हुने पर्खाइमा छन्। यो बाटोबाट धेरै यात्रीहरू आवतजावत गर्ने गरेको स्थानीयहरूले बताएका छन्। त्यसैगरी डाइभर्सनमा पानी भरिएपछि सर्वसाधारण तथा वाहन चालकलाई समेत समस्या भएको छ। अर्कोतिर, लगातारको वर्षाका कारण अलीपुरद्वार जिल्लाका विभिन्न नदीहरूको जलस्तर बढेको छ। सञ्जय नदीको डाइभर्सन पनि भत्किएको छ। जसका कारण जनजीवन पुरै अस्तव्यस्त बनेको छ।

****** ० ******

**भारत-नेपाल पक्राउ**

एसएसबीले भारत-नेपाल सीमामा पेट्रोलिङ्का क्रममा लागू औषधसहित एक नेपाली नागरिकलाई पक्राउ गरेको छ। आरोपीलाई नेपालको झापा जिल्लाको अर्जुनधारा निवासी १६ वर्षीय वेदप्रसाद राजवंशीको रूपमा चिन्हित गरिएको छ। जानकारीका अनुसार हिजो पानीट्याङ्कीनजिकै भारतदृनेपाल सीमामा पेट्रोलिङ्को क्रममा एसएसबीको ४१ औं बटालियनका जवानले शंकास्पद अवस्थामा युवकलाई समातेका थिए। युवकको तलासी लिँदा १०० ग्राम ब्राउन सुगर बरामद भएको बताइएको छ। युवक पानीट्याङ्कीबाट लागू औषध लिएर नेपालतर्फ गइरहेको थियो। एसएसबीले पक्रा परेका युवकलाई खोरीबारी पुलिसलाई सुम्पिएको छ।

****** ० ******

**गौतम देव**

सिलगढी नगरनिगमको ३४ नम्बरस्थित ई-ब्लकको मोरबजार पुल र नदीको निरीक्षणको क्रममा मेयर गौतम देवले स्थानीय बासिन्दाको आक्रोशको सामना गर्नु पर्‍यो। गत एक महिनादेखि यहाँका बासिन्दाले पिउने पानीको समस्या भोग्दै

आएको स्थानीयहरूको गुनासो छ। स्थानीयहरूको भनाइ अनुसार पुलको अभावमा आवागमन लगभग ठप्प छ। हरेक वर्ष मनसुनमा सबैको घरहरूमा खोलाको पानी पस्ने गर्दछ। जसका कारण क्षेत्रका बासिन्दाले धेरै समस्या भोग्नु पर्छ। यसैबीच, गत केही दिनदेखि परेको अविरल वर्षाका कारण उक्त क्षेत्रका घरदृघरमा फेरि पानी पसेको छ। जसको जानकारी पाएपछि सिलगढीका मेयर गौतम देवले आइतबार उक्त क्षेत्रको भ्रमण गरे। यस दिन स्थानीयले मेयरलाई भेटेर क्षेत्रका धेरै समस्याका बारेमा जनाउनुका साथै आक्रोश पनि पोखे। मेयर गौतम देवले भन्नुभयो कि सिलगढी नगरनिगमको वार्ड नम्बर ३४ को ई-ब्लकमा भाग-१ र भाग-२ लाई जोड्ने पक्की पुल दुर्गापूजा अघि नै बनाइनेछ। अहिलेका लागि अस्थायी पुल निर्माण गरिने भएको छ। यसको साथै उहाँले क्षेत्रमा पिउने पानीको समस्या रहेको बताउँदै हेण्डपम्प राखेर, कुवाँ निर्माण गरेर र पिउनेपानीको ट्याङ्की पठाएर यो समस्या समाधान भइरहेको बताउनु भयो।

****** ० ******

**<u>सिक्किम बचाव कार्य</u>**

बाढ़ प्रभावित सिक्किममा राहत, बचाव अनि मरम्मतीको कार्य जोड़तोड़सित चलिरहेको छ। बाढ़ले मंगन जिल्ला सबैभन्दा धेर प्रभातिव बनेको छ। राज्यका वन एवं पर्यावरण मन्त्री फिन्ट्सो नामग्याल लेप्चाले अन्य वरिष्ठ अधिकारीहरूसित जिल्लाका झूसिंग अनि रालकका वार्डको भ्रमण गर्नुभयो। आज राज्यका पर्यटन अनि नागरिक उड्डयन मन्त्री शेरिंग थेंडूप भूटियाको निगरानीमा हवाई अनि सड़क मार्गहरूमा फसेका पर्यटकहरूलाई निकाल्ने प्रयास गरियो। यसमा दुइ हजार पर्यटक सामेल छन् जसमा १५ विदेशी पर्यटकहरू पनि रहेका छन्।

****** ० ******

**<u>खरसाङ नगरपालिका- पैह्रे</u>**

केही दिनदेखि लगातार रूपमा परिरहेको पानीले खरसाङ नगरपालिकाको विभिन्न स्थानहरूमा क्षति पुगेको जानकारी प्राप्त भएको छ। खरसाङ नगरपालिकाको वार्ड नम्बर १ देखि २० सम्मको विभिन्न स्थानहरूमा पानी परेको कारणले पैहिरो गएको जानकारी प्राप्त भएको छ। लगातार परिरहेको पानीको कारणले खरसाङ नगरपालिका क्षेत्रमा पैह्रेले विभिन्न घरहरूलाई खतरा उत्पन्न भएको छ भने कतै पैह्रेले मार्ग वाधित बनेको जानकारी प्राप्त भएको छ। खरसाङ नगरपालिकाको विभिन्न स्थानहरूमा पैह्रेले गरेको क्षतिको रिपोर्ट संकलन गर्नलाई खरसाङ नगरपालिकाका भाइस चेयरम्यान सुवास प्रधान अनि अन्यको अगुवाईमा विभिन्न स्थानहरूका निरीक्षण गरिएको छ। भ्रमण गरेर पैह्रेले गरेको क्षति बारे रिपोर्ट संकलन गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**<u>सम्वर्द्धना कार्यक्रम - नागरी</u>**

खस भारतीय हितकारी सम्मेलन नागरी फार्मको तत्वावधानमा सम्मान तथा सम्वर्द्धना कार्यक्रम सार्वजनिक भवनमा आज सम्पन्न गरियो। सरोज छेत्रीको अध्यक्षतामा सम्पन्न कार्यक्रम केन्द्रिय समिति अध्यक्ष मदन मिश्र तथा प्रशासनिक सचिव मेघनाथ छेत्रीको प्रमुख आतिथ्यतामा सम्पन्न भयो। केन्द्रीय समिति, सुके राङभाङ आञ्चलिक समिति तथा धजे, मगरजोङ र मलट शाखा पदाधिकारीको विशिष्ठ आतिथ्यमा सम्पन्न कार्यक्रममा ६४ वर्ष उमेर पार गरेका बरिष्ठ सदस्यलाई सम्मान जनाउनका साथै यस बर्षको उच्चतर माध्यमिक परीक्षामा उत्कृष्ट प्रतिशतमा उतीर्ण मेधावी विद्यार्थीलाई सम्वर्द्धना जनाइयो।

****** ० ******

*************